आज मिति २०७४ भाद्र १५ गतेका दिन व्यास नगरपालिका नगर कार्यपालिका प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णयहरु देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| - नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | ,, |
| - कार्यकारीणी सदस्य | श्री केशबहादुर सुनार | ,, |
| - कार्यकारीणी सदस्य | श्री कल्पना पोखेल | ,, |
| - कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - कार्यकारीणी सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - कार्यकारीणी सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - कार्यकारीणी सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - कार्यकारीणी सदस्य | श्री नरीमाया राना | ,, |
| - सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |

निर्णय नं.१: आ.व.२०७४।०७५ का योजना तथा कार्यक्रमहरु संचालन गर्दा निम्नानुसारका नीतिहरु लिई योजनाहरु सम्पन्न गर्ने निर्णय गरियो ।

क) उपभोक्ता समिति गठन गरी व्यास नगरपालिका कार्यालयमा पठाउने जिम्मा वडा समितिलाई दिने र योजनाहरुको ल.ई. गरी सम्झौता गराउने जिम्मा योजना शाखालाई दिने ।

ख) रु.५०,०००। सम्मका योजना तथा कार्यक्रमहरुको रकम भुक्तानी गर्दा बैंक खाता खोल्न नपर्ने, वडाको सिफारिसमा सिधै भुक्तानी दिने । साथै यस्ता योजना तथा कार्यक्रमहरु संचालन गर्दा पेश्की उपलब्ध नगराउने । अन्य योजनाका हकमा ३३ प्रतिशत पेश्की उपलब्ध गराउने ।

ग) उपभोक्ता समिति ५ सदस्यीयदेखि ११ सदस्यीयसम्म रहनेछन् । उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एकजना महिला अनिवार्य हुनुपर्नेछ ।

घ) एउटै व्यक्ति दुई वटा उपभोक्ता समितिमा र वडा समितिका सदस्यहरु उपभोक्ता समितिमा बस्न पाउने छैन ।

ङ) २०७४ साल मंसिर मसान्तसम्म योजनाहरुको सम्झौता गरिसक्नुपर्ने । साथै सम्झौता भएका मितिले ३ महिनाभित्र कार्य सम्पन्न गरिसक्नुपर्नेछ ।

निर्णय नं.२: यहि २०७४ साल भाद्र २२ गते निजामति सेवा दिवसको उपलक्ष्यमा हुने सरकारी तथा संस्थान सवारी चालक एशोसियसनद्वारा आयोजित रक्तदान कार्यक्रमका लागि रु.१०,०००। (दश हजार) आर्थिक सहयोग दिने निर्णय गरियो ।

निर्णय नं.३: यस व्यास न.पा. वडा नं.३ स्थित दुर्गा भवानी मन्दिरलाई मर्मत तथा रंगरोगन गर्नको लागि रु.४०,०००। (चालिस हजार) अनुदान सहयोग दिने निर्णय गरियो ।

निर्णय नं.४: जिल्ला कृषि विकास कार्यालय तनहुंबाट पेश गरिएको कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो ।
निर्णय नं.५: यस व्यास न.पा.को कार्यालय हाताभित्र निर्माणाधीन शौचालयको शुरु इस्टिमेटभन्दा थप कामहरु गरेवापत रु.१,२३,९०४। (एक लाख तेइस हजार नौ सय चार रुपैयां मात्र) रकम भुक्तानी दिने निर्णय गरियो ।
निर्णय नं.६: आ.व.२०७४।०७५ का लागि मादीनदीमा ढुंगा, गिटी र वालुवा उत्खननु गर्न आव्हान गरिएको टेण्डरको मूल्यांकन समितिबाट सिफारिस भएको प्याकेज नं.१ को ठेक्का श्री लाल कन्स्ट्रक्सन, गल्याङ्गकोट १ को र प्याकेज नं.२ को ठेक्का श्री मोर्डन कन्स्ट्रक्सन व्यास २ को स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.७: जुनियर इलेक्ट्रिसियन विष्णुकुमार जोशीको निवेदन माग अनुसार प्राविधिक पदबाट पद परिवर्तन गरी खरिदार प्रशासन पदमा पद परिवर्तन गर्ने निर्णय गरियो ।

निर्णय नं.८: घर कायम गरी पाउं भन्ने दरखास्त फारामको शुल्क रु.५००। लिने र RCC पक्की घरको अभिलेखीकरण गर्न प्रति तला रु.१०००। का दरले राजश्व लिने निर्णय गरियो ।
निर्णय नं.९: घर निर्माण गर्ने क्रममा ४ वटा र ६ वटा रडहरुले बनेका घरहरु जुन भुईतलाको मात्र सम्पन्न लिएका छन् तिनीहरुलाई बढीमा ३ तलासम्म प्राविधिकको परामर्शमा तला थप गर्न दिने निर्णय गरियो ।

निर्णय नं.१०: भुकम्प गएपश्चात अर्थात परिमार्जित मापदण्ड २०७२ लागु भैसकेपछि साढे दुई आना (२.५ आना) भएको जग्गामा भवन निर्माण गर्दा १० प्रतिशत खुलाभाग छोड्नुपर्ने । साथै ४ आनासम्मको जग्गामा १५ प्रतिशत, ६ आनासम्मको जग्गामा २० प्रतिशत र ८ आनासम्मको जग्गामा ३० पतिशत खुला भाग छोड्न लगाई भवन निर्माण गर्न स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं.११: निर्वु चौतारो हुंदै श्रीगुम्बा आखिरी डांडा शान्ति पार्क जाने मोटर मार्ग मर्मत तथा स्तरोन्नति गर्ने कार्यक्रमका लागि इष्टिमेट अनुसारको रकम रु.१२,२४,५०८।३३ (बाह्र लाख चौविस हजार पांच सय आठ रुपैया तेत्तीस पैसा) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१२: व्यास न.पा. ५ पाटनबाट तनहुं हाइड्रोको ड्यामसम्म जाने वेतिनी मार्ग २० फुट कायम गरी निर्माण गर्न तनहुं हाइड्रोपावर लिमिटेडलाई अनुरोध गर्ने निर्णय गरियो ।
निर्णय नं.१३: व्यास नगरपालिकामा तरकारी खेतीको सम्भावना रहेको साथै नगरपालिकाको लक्ष्य पनि तरकारी उत्पादनमा आत्मनिर्भर भई कृषि क्षेत्रमा विकास गर्ने रहेकोले यस नगरपालिका क्षेत्रमा तरकारीको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जाने) निर्माणका लागि प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना कार्यान्वयन इकाईमा कार्यक्रम माग गर्ने निर्णय गरियो ।

निर्णय नं.१४: यस व्यास न.पा. वडा नं.१ स्थित शहरी स्वास्थ्य केन्द्र दुम्सीचौरको नवनिर्मित भवनको मिति २०७४।४।३० गते समुद्घाटन कार्यक्रम सम्पन्न गर्दा भएको खर्च रकम रु.३३,४७०। (तेत्तीस हजार चार सय सत्तरी) भुक्तानी दिने निर्णय गरियो ।
निर्णय नं.१५: घर निर्माण गर्ने कि.नं. को क्षेत्रफलबाट बाटो कट्टा गरी बांकी रहेको क्षेत्रफलमा नियमानुसार ( मापदण्ड अनुसार) को छोड्नुपर्ने जग्गा छोड्न लगाई घर निर्माण गर्न स्वीकृति दिने निर्णय गरियो ।